प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी, विराटनगर

## घरभाडामा लिनेसम्बन्धी सूचना

प्रकाशित मिति २०८०/०७/२१

यस मन्त्रालयका महाशाखा प्रमुखको आवास प्रयोजनका लागि तपसिलको मापदण्ड भित्रको घर/फल्याट भाडामा लिनु पर्ने भएको हुँदा ईच्छुक घरधनीबाट यो सूचना भएको मितिबाट १५ दिनभित्र यस मन्त्रालयमा कार्यालय समयमा आइपुग्ने गरी आफूले लिन चाहेको बहाल दररेट खुलाई रीतपूर्वक निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

१. आवास प्रयोजनमा उपयुक्त हुने एक किचन सहित कम्तिमा ४ वटा कोठा भएको फल्याट/घर हुनु पर्नेछ। फल्याट भित्र ट्वाइलेट बाथरुम भएको हुनु पर्नेछ ।

२. घरपरिसरमा कम्तिमा एक गाडी तथा केही मोटरसाइकल पार्किङको सुविधा सहित विराटनगर महानगरपालिका क्षेत्रभित्र हुनुपर्नेछ ।

३. घरमा विद्युत, धारा, पानीको सुविधा भएको हुनुपर्नेछ ।

४. भाडामा दिने घर नयाँ रङ रोगन भएको वा रङ रोगन गरी तथा मर्मत सम्भार गर्नुपर्ने भए मर्मत सम्भार गरी उपलब्ध गराउनु पर्नेछ

५. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्साको प्रतिलिपि तथा घरजग्गाको लाग्ने हाल सम्मको सबै किसिमको कर र दस्तुर चुक्ता गरेको प्रमाणको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्नेछ ।

६. आफुले भाडामा दिन चाहेको घर/फल्याट के कति मासिक भाडा दरमा उपलब्ध गराउन सकिने हो ? सो को फल्याट अनुसारको घरभाडा उल्लेख गरी बहाल कर सहितको मासिक भाडा दर अंक र अक्षरमा खुलाई निवेदन पेश गर्नु पर्नेछ ।

७. सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययितासम्बन्धी निर्देशीका, २०७९ को परिधि भित्र रही स्वीकृत बहाल रकममा नियमानुसार घरबहाल कर कट्टा गरी भुक्तानी गरिनेछ ।

८. निवेदन पेश भएका घर भाडामा लिने तथा नलिने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

६।१९

उप-सचिव